# जिल्ला समन्वय समिति कार्यालय

## जाजरकोट

### कर्णाली प्रदेश, नेपाल

जिल्ला समन्वय समितिको कार्यालय जाजरकोट कर्णाली प्रदेश नेपाल

पत्र संख्याः २०८१/०८२ चलानी नं.

सामाग्री लिलाम बढाबढको सूचना

सूचना नं.: २

(प्रथम पटक प्रकाशित मितिः २०८२/०१/२६ गते)

यस कार्यालयको पुरानो भवन भत्काउँदा निस्किएका तपसिल बमोजिमका सामाग्रीहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ। इच्छुक व्यक्ति वा फर्महरुले पहिलो पटक यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र लिलाम बिक्रीको लागि कायम न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने रु.२,८१७.१६ (अक्षेरुपी दुई हजार आठ सय सत्र रुपैंया सोह्र पैसा) धरौटी सहित निवेदन दिनुहुन यो लिलाम बढाबढ आव्हान गरिएको छ।

(१) लिलाम बिक्री सामाग्रीहरुको विवरणः

| क्र.स | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | ढुङ्गा | घन मिटर | ६४.९८ |
| २ | काठ | घन फिट | २४३.९८ |
| ३ | स्लेट | वर्ग मिटर | ११४.०८ |
| ४ | दाउरा (Scrap wood) | के.जी. | ४००.०० |

(२) लिलाम बढाबढ हुने स्थान, समय र मितिः-

(क) स्थानः जिल्ला समन्वय समितिको कार्यालय, जाजरकोट।

(ख) मितिः २०८२/०२/०१ गते।

(ग) समयः बेलुकी ५:०० बजे।

(३) सबै सामाग्रीहरुको एकमुष्ट न्यूनतम मूल्य रु.५६,३४३.३० (अक्षररुपी छपन्न हजार तिन सय त्रिचालिस रुपैंया तीस पैसा मात्र) कायम गरिएको छ।

(४) लिलाम बढाबढमा सहभागी हुन इच्छुक व्यक्तिले निवेदन साथ नेपाली नागरिकताको प्रमाणको प्रतिलिपी र फर्मले फर्म दर्ता प्रमाण प्रत्र, स्थायी लेखा नंवर दर्ता प्रमाण प्रत्र र आ.व. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाण-प्रत्रको प्रतिलिपी सहित यो सूचना प्रकाशन भएको मितिले सात दिन भित्र कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ। सातौं दिन बिदा परेमा बिदा पछि कार्यालय खुलेको दिन कार्यालय समय सम्म निवेदन पेश गर्नु पर्नेछ।

(५) लिलाम बढाबढ यस कार्यालयले तोकेको न्यूनतम लिलाम बिक्री मूल्यबाटै सुरु हुनेछ।

(६) लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्यूनतम मूल्य रु.५६,३४३.३० को ५% ले हुने रु.२,८१७.१६ धरौटी राख्नु पर्नेछ।

(७) प्रत्येक पटक डाँक बोल्न चाहने व्यक्तिबाट डाँक बढ्दै गएमा सोही अनुपातमा थप मूल्यको पाँच प्रतिशतले हुने गरी धरौटी बुझाउँदै जानु पर्नेछ।

(८) लिलाम बढाबढ हुने सामाग्रीहरु हेर्न चाहने व्यक्ति वा संस्थाले कार्यालय समय भित्र जिन्सी शाखामा सम्पर्क गरी हेर्न सकिनेछ।

(९) लिलाम सकार गरेको सामाग्रीहरु सम्झौता भएको मितिले ७ दिनभित्र उठाई लैजानु पर्नेछ।

२०८२/१/२३

# जिल्ला समन्वय समिति कार्यालय

जाजरकोट

कर्णाली प्रदेश, नेपाल

जिल्ला समन्वय समितिको कार्यालय जाजरकोट कर्णाली प्रदेश नेपाल

पत्र संख्याः २०८१/०८२ चलानी नं.

(१०) लिलाम बढाबढ हुने दिन सार्वजनिक बिदा पर्न गएमा सो दिनको लगत्तै कार्यालय खुलेको अर्को दिनमा सोही स्थान र समयमा लिलाम बढाबढ हुनेछ।

(११) लिलाम बढाबढ अलग-अलग रुपमा नभई सम्पूर्ण सामाग्रीहरुको एकमुष्ट मात्र हुनेछ।

(१२) लिलाम बढाबढमा सहभागी हुन चाहने न्यूनतम तीन जना नभई बढाबढ शुरु हुनेछैन।

(१३) माथि उल्लेखित बुँदाहरुमा समेटिन नसकेका अन्य कुराहरु प्रचलित कानून वमोजिम हुनेछ।

२०८२।१।२८

जिल्ला समन्वय अधिकारी